"कृषि, पर्यटन र व्यपार, सुरक्षित समृद्ध नगरको आधार"
चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
स्था: २०७१
कोशी प्रदेश, नेपाल

पत्र संख्या:-०८२/०८३
चलानी नं:- ०६

मिति:- २०८२/०४/०१

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

चैनपुर स्थित वडा कार्यालय सबै
श्री ईलाका प्रशासन कार्यालय, चैनपुर ।
श्री निर्माण व्यवसायी संघ , खाँदवारी ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको निर्णय अनुसार चैनपुर नगरपालिका स्थित बजार क्षेत्रको फोहोरमैला दर्तावाला फर्म, संस्था, सप्लायर्स वा कम्पनी मार्फत दरभाउ-पत्र आह्वान गरी ठेक्का बन्दोबस्त मार्फत गराईने भएको हुँदा यसै पत्र साथ संलग्न गरी पठाईएको सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयलाई गराई दिनुहुन अनुरोध छ ।

.............................
(ओमकार प्रसाद न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०२९-५७०१३१, इमेल ठेगाना: chainpurmun@gmail.com

"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा
स्थापना: २०७३

कोशी प्रदेश , नेपाल

**फोहोरमैला व्यवस्थापनका लागि दरभाउ-पत्र आह्वान सम्बन्धी १५ दिने सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०४/०१)**

चैनपुर नगरपालिकाको क्षेत्र भित्र निस्किएका फोहोरमैला व्यवस्थापनको कार्य देहायको शर्त बन्दोबस्त बमोजिमको अधिनमा रही नीजि व्यवसायी मार्फत संकलन गरी ल्याण्डफिल्ड साईटमा लगि विसर्जन गर्नु पर्ने भएकोले उक्त कार्य गर्न ईच्छुक फर्म, संस्था, सप्लायर्स वा कम्पनीले प्रति हप्ता ३ दिनका लागि कार्यालयले तोकेको अधिकतम अंक रु १२०००/- अक्षरेपी बाह्र हजारमा नबढने गरी सो भन्दा के कति न्यूनतम दर रेटमा काम गर्न सक्ने हो ? **खुलाई** यस कार्यालयमा सिलबन्दी दरभाउ-पत्र पेश गर्नु हुन यो सूचना जारी गरिएको छ ।

तपसिल

१. फर्म, संस्था, सप्लायर्स वा कम्पनीले आफ्नो फर्मको दर्ता, नविकरण प्रमाणको प्रतिलिपि, प्रोपाईटरको नागरिकताको प्रतिलिपि, स्थाई लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणको प्रतिलिपि र आ.व.०८१/०८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. चैनपुर वजार क्षेत्रको फोहोरमैला प्रत्येक हप्ताको मंगलबार विहान ७ देखी ४ वजे सम्म संकलन गरी चैनपुर स्थित गोगनेमा रहेको ल्याण्डफिल्ड साईटमा लगि विसर्जन गर्नु पर्ने छ ।

३. खराङ्ग बजारको फोहोरमैला प्रत्येक हप्ता बुधवार विहान ७ वजे देखी ११ वजे सम्म संकलन गरी चैनपुर स्थित गोगनेमा रहेको ल्याण्डफिल्ड साईटमा लगि विसर्जन गर्नु पर्ने छ ।

४. पोखरी वजारको फोहोरमैला प्रत्येक हप्ताको विहिवार विहान ७ वजे देखी ११ वजे सम्म सोही वजारको सामिप्यमा रहेको गौचरन स्थित ल्याण्डफिल्डमा लगि विसर्जन गर्नु पर्ने छ ।

५. विड सेक्युरिटी वापत दरभाउपत्र साथ चैनपुर नगरपालिकाको रा.बा.बैक चैनपुर शाखामा रहेको धरौंटी खाता नं. २०३०१००३०३००००२ मा प्रयोजन र जम्मा गर्नेको नाम उल्लेख गरी रु ५०००/- पाँच हजार जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्ने छ ।

६. दरभाउ पत्र स्वीकृत भई संझौता गर्दा यस कार्यालयको नाममा संझौता अवधि भन्दा १३ महिना थप म्याद भएको रु ६०,०००/- को बैक जमानत वा नगदै रकम जम्मा गर्नु पर्ने छ ।

७. सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय ५ वजे सम्म रु १,०००/- (एक हजार) यस कार्यालयको राजश्व शाखामा बुझाई दरभाउ-पत्र फर्म खरिद गर्नु पर्ने छ ।

८. सूचना प्रकाशन भएको सोह्रौं दिन अथवा फर्म खरिद गर्ने समय समाप्त भएको भोलिपल्ट दिनको १२ वजे भित्र प्रस्ताव दर्ता गरी सक्नु पर्ने छ। सोही दिन दिनको २.०० वजे प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भए पनि प्रस्ताव खोलिने छ ।

९. दरभाउ-पत्र खरिद गर्नु पर्ने अन्तिम दिन, दर्ता गर्नु पर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म खरिद तथा दर्ता गर्न बाधा पर्ने छैन ।

"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
स्थापना: २०७३

कोशी प्रदेश , नेपाल

१०. दरभाउ-पत्र पेश गर्ने व्यवसायीले खराङ्ग वजार, चैनपुर वजार र पोखरी वजारको तोकिएको दिन, तोकिएको समय भित्र फोहोरमैला संकलन तथा विसर्जन गर्ने कार्यको लागि कार्यालयको अधिकतम अंक भन्दा वढी अंक प्रस्ताव गरेमा सो प्रस्ताव स्वःतह अस्वीकृत हुने छ ।

११.ठेक्का अवधि २ बर्षको (२०८४ आषाढ मसान्त सम्म) हुने छ ।

१२.प्रस्तावदाताले फोरह्विल गाडि भएको प्रमाण पेश गर्नु पर्ने छ । प्रस्ताव दाताले चालक समेत ३ जना मजदुर र अनिवार्य फोहोरमैला संकलन तथा विसर्जन कार्यमा खटाउनु पर्ने छ ।

१३.प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार चैनपुर नगरपालिकामा निहित रहने छ ।

१४. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुने छ ।

(ओमकार प्रसाद न्यौपाने)

(प्रमुख प्रशासकीय अधिकृत)